# साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.

(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्था)

**केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौं, नेपाल**


प.सं. २०८२/८३/के.का मिति : २०८२/१२/२२

च.नं. ...३.७.९९

साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.,
सम्पूर्ण विभाग/शाखा कार्यालयहरू ।

**विषय : वित्तीय संस्था बिदा तथा कार्यालय समय सम्बन्धमा ।**

महाशय,
नेपाल राष्ट्र बैंकको पत्र संख्या : बै.वि.नि.वि./नीति/सूचना/२१/०८२/८३, मिति २०८२/१२/२२ को सूचना अनुसार "क", "ख", "ग" र "घ" वर्गका इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाको कार्यालय समय सम्बन्धमा तपसिल बमोजिमको व्यवस्था गरिएको व्यहोरा जानकारीको लागि अनुरोध छ ।

**तपसिल**

१. वि.सं. २०८२ साल चैत्र २३ गतेदेखि लागु हुने गरी प्रत्येक शनिबार र आइतबार सार्वजनिक बिदा हुने ।
२. सोमबारदेखि शुक्रबारसम्म कार्यालय समय बिहान ९:०० बजेदेखि अपरान्ह ५:०० बजेसम्म हुने तर, कार्तिक १६ गतेदेखि माघ १५ गतेसम्म कार्यालय समय बिहान ९:०० बजेदेखि अपरान्ह ४:०० बजेसम्म हुने ।

यसै सन्दर्भमा यस वित्तीय संस्थाको कर्मचारी सेवा विनियमावली, २०८० को विनियम ४० (३) मा "कार्यालयको कार्य समय कार्यकारी प्रमुखले समय समयमा तोके बमोजिम हुनेछ । तर, दैनिक रुपमा सम्पादन गर्नुपर्ने नियमित काम सम्बन्धित सुपरिवेक्षकले अन्यथा आदेश दिएको अवस्थामा वाहेक सोही दिन पुरा गर्नु पर्नेछ ।" भन्ने व्यवस्था रहेको र विनियम ४२ मा "सार्वजनिक बिदा : वित्तीय संस्थामा लागू हुने सार्वजनिक बिदा नेपाल राष्ट्र बैंकले समय-समयमा तोके बमोजिम हुनेछ ।" भन्ने व्यवस्था रहेको हुँदा मिति २०८२ साल चैत्र २३ गतेदेखि लागु हुने गरी उपरोक्तानुसार बिदा तथा कार्यालय समय कायम गरिएको व्यहोरा जानकारी तथा आवश्यक कायार्थ अनुरोध छ ।

**बोधार्थ :**
नायब प्रमुख कार्यकारी अधिकृतज्यूहरु,
केन्द्रीय कार्यालय, काठमाडौं ।

भवदीय,

..............................
वासु अधिकारी
**(प्रमुख कार्यकारी अधिकृत)**

प्रमुख कार्यकारी अधिकृत